# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः२) पञ्चकन्या, मंसिर महिना १८ गते, २०७५ साल (संख्याः ४**

**भाग–२**

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५**

प्रस्तावनाः

पञ्कन्या गाउँपालिका भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानूनी दायरामा ल्याउन,व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानिय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडी बढाउन बाञ्छनिय भएकोले पञ्चकन्या गाउँ कार्यपालिकाले मिति २०७५/०७/१९ मा यो कार्यविधि तयार गरि लागु गरेको हुनेछ ।

# परिच्छेद– १
# प्रारम्भिक

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “पञ्चकन्या व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यालय” भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) “शाखा” भन्नाले यस पञ्चकन्या गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्छ ।

(ग) “वडा कार्यालय” भन्नाले यस गाउँपालिका अन्तर्गत ७ वटै वडा कार्यालय सम्झनु पर्छ ।

(घ) “अध्यक्ष” भन्नाले यस गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) “उपाध्यक्ष” भन्नाले यस गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) “कार्यपालिका सदस्य ”भन्नालेयस गाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस पञ्चकन्या गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "वडा समिति" भन्नाले पञ्चकन्या गाउँपालिकाको ५ वटै वडाका वडा समिति सम्झनु पर्छ ।

(झ) "व्यवसायी" भन्नाले पञ्चकन्या गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी,व्यक्ति,वा संस्था सम्झनु पर्छ ।

(ञ) "कार्यविधि" भन्नाले व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७८लाई बुझाउने छ ।

(ट) "कर" भन्नाले गाउँपालिका सँग सम्बन्धित प्रचालित ऐन,नियमावली र कार्यविधि पञ्चकन्या गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको व्यवसायमा पुँजिगत लगानि, आर्थिक कारोवार,क्षेत्रगत एवं व्यापारिक महत्वका आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनु पर्छ। यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क,कर, दर्ता, जरिवाना समेतलाई सम्झनुपर्दछ ।

(ठ) "कर अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई सम्झनु पर्दछ ।

**३. क्षेत्रः** यस पञ्चकन्या गाउँपालिका क्षेत्र भित्र सवै व्यवसाययीलाई यस कार्यविधिले समेट्नेछ ।

**४. विषय क्षेत्रः**विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

क) दैनिक उपभोग्य सामग्रिहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

ख) होटल व्यवसाय

ग) पशुपालन फर्म

घ) नर्सरी

ङ) उद्योग तथा कल करखाना

च) कृषि फर्म

छ) औषधि पसल

ज) मासु पसल तथा फ्रेस हाउस

झ) वर्क सफ

ञ) ब्यूटि पार्लर

ट) जनरल स्टोर

ठ) सैलुन

ड) अन्य

## परिच्छेद-२

## व्ययवसाय दर्ता सम्बन्धी व्यवस्था

### ५. व्यवसाय दर्ता प्रकृयाः

१) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गर्नुपर्दछ ।

२) दफा ६(१) बमोजिम रितपुर्वक निवेदन परेपछि कार्यालयले आवश्यक छानविन गरी यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ र सो को अभिलेख अनुसुची ४ बमोजिम दर्ता कितावमा राख्नुपर्नेछ ।

३) सूचना प्रकाशन गरिनेः व्यवासाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

४) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्नेः हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीले २०७८ मंसिर मसान्त सम्म अनिवार्य दर्ता गरिसक्नुपर्नेछ। साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

### ६. दर्ताका लागि आवश्यक कागजातहरुः

१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

क) हालसालै खिचेको २ प्रति फोटो ।

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ग) वडा कार्यालयको सिफारिस ।

घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी ।

ङ) व्यवसाय रहने स्थानको कित्ताको चारकिल्ला प्रमाणित ।

च) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।

छ) उद्योगको हकमा सधियारको मञ्जुरीनामा र उद्योग वाणिज्य संघको सिफारिस पत्र ।

ज) संयुक्त व्यवसाय भए साझेदारहरुको नागरिकताको प्रतिलिपि र साझेदारहरु विचको साझेदारी सम्झौता ।

२) गाउँपालिका भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची ३ मा उल्लेखित ढाँचामा दरखास्त दिंदा देहायका कुराहरु खुलेको हुनुपर्नेछ ।

क) व्यवसायको नाम (ख) व्यवसाय गर्ने ठेगाना (ग) व्यवसायको प्रकृतिः उद्योग,व्यवसाय,सेवा,पेशा,फर्म (घ) व्यवसायले कारोवार गर्न मुख्य वस्तु, सेवा तथा कामको विवरण (ङ) स्थिर पुँजिगत लगानी (च) एकल वा संयुक्त व्यवसाय (छ) अन्यत्र व्यवसाय दर्ता र ईजाजत प्राप्त भएको भए सो को विवरण तथा ईजाजत पत्र र दर्ता प्रमाणपत्र नं. आदि ।

३) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि गाउँ कार्यपालिकाको कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरि निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ ।

४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा कार्यविधिले छुट्टैव्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ।

तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ट तिरि विभिन्न स्थानमा सञ्चालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुराएको मानिने छैन ।

## ७. कर बुझाउने दायित्वः

१) पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन बमोजिम कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै एक व्यक्तिलाई पनि कर बुझाउन बाध्य गर्न सकिनेछ ।

**८. प्रमाणपत्र सम्बन्धी व्यवस्थाः**

१) माथि ६(१) मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसुची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ।

**९. व्यवसाय नविकरण सम्बन्धि व्यवस्थाः**प्रत्येक व्यवसायीले आर्थिक वर्षको भाद्र मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयबाट नविकरण गरिसक्नु पर्नेछ। थप एक महिना भित्र नविकरण गर्न आएमा जरिवाना लाग्ने छैन अन्यथा वार्षिक करको अलवा दफा(ग) बमोजिम थप जरिवाना लाग्नेछ ।

**१०. व्यवसाय दर्ता,विवरण हेरफेर तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(१)व्यवसाय दर्ता, विवरण हेरफेर तथा नवीकरण शुल्क, दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालु आ.व. को हकमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क,दस्तुर लिईनेछ ।

(३) प्रत्येक आ.व. मा व्यवसाय दर्ता नविकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिने छ।

(५) **विवरण हेरफेर सम्बन्धी व्यवस्थाः**

क) दफा ८ बमोजिम दर्ता भएको व्यवसायको विवरणमा हेरफेर गर्नुपर्ने भएमा सम्पुर्ण कागजात सहित रितपुर्वक कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख) त्यसरी रितपुर्वक निवेदन परेमा कार्यलयले आवश्यक जाँचबुझ गरी संशोशित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर बापत रु १००० थप दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्नेछ। र सो को व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेतउल्लेख गरिदिनु पर्नेछ ।

(ग) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम र व्यवसायको नाम आदि परिवर्तन गर्नु परेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढि लाग्ने भएमा सो फरक कर समेत असुल गरि विवरण हेरफेर गर्नु पर्नेछ ।

(घ) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थप गर्नु परेमा साझेदारी सम्झौता सहित चालु आर्थिक वर्षको कर असुल गरि वार्षिक करको दरमा ५० % थप दस्तुर लिई साझेदार थपघट गर्न सकिनेछ ।

(ङ) गाउँपालिका भित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय अर्को स्थानमा ठाउँसारिको लागि निवेदन पेश गरी वडा कार्यालयको सिफारिस सहित कार्यालयले आवश्यक जाँचबुझ गरि चालु आर्थिक वर्षसम्मको कर असुल गरी ठाउँसारी वापतको रु ५०० शुल्क लिएर ठाउँसारी गरिदिनु पर्नेछ । सो को अभिलेख दर्ता कितावमा जनाई जानकारी सम्बन्धित वडा कार्यालयलाई समेत दिनु पर्नेछ ।

## परिच्छेद-३
## अनुगमन तथा कारवाही

११. **मूल्य सूची सम्बन्धी व्यवस्थाः**सम्पूर्ण व्यबसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट सँग देख्ने गरी मुल्य सूची राख्नुपर्नेछ। मूल्य सूची नराखेको पाईएमा यसै कार्यविधि बमोजिम कारवाही गरिने छ ।

१२. **बजार अनुगमन सम्बन्धी व्यवस्थाः**

१) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित र मर्यादित बनाउन नियमित अनुगमन गरिनेछ। बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले जारी गर्ने बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ ।

२) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय सञ्चालन गर्दा समाजिक सदाचार र अनुशासन कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशिका पालना गर्ने \गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

३) कुनै खास पेशा,व्यवसाय वा व्यपारको सम्वन्धमा केहि कुरा बुझ्न आवश्यक भएमा कार्यालयले थप विवरण जुनसुकै समयमा माग गर्न सक्नेछ, यसरी पेशा व्यवसाय सञ्चालन गर्नुपुर्व सम्वन्धित व्यवसायीको हुनेछ ।

४) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायवाट समेत प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने प्रावधान भएका पेशा सञ्चालन गर्नुपुर्व सम्बन्धित  निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

## १३. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धि व्यवस्थाः

१) यो कार्यविधि विपरितको देहायका कार्य गरेमा व्यवसायीको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सकिनेछ ।

क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा,

ख) निषेध गरिएको बाहेक सामग्री बेचबिखन गरेमा,

ग) कृत्रिम अभाव सिर्जना गरि कालो बजारी गरेमा,

घ) जनस्वास्थ्य प्रतिकुल असर पार्ने गुणस्तरहीन सामाग्रीहरु बेचबिखन गरेमा,

ङ) म्याद नागेका सामाग्रीहरु बेचबिखन गरेमा,

च) चर्को मुल्यमा सामाग्री बेचबिखन गरेमा

छ) प्रदुषित फोहोर सामाग्रीहरु बेचबिखन गरेमा,

२) उपदफा १ बमोजिम व्यवसाय दर्ता खारेजी वा बन्द गर्नु अगाडि सम्बन्धित व्यवसायीलाई मनासीव सफाई पेश गर्ने पर्याप्त मौका दिनुपर्नेछ ।

३) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि नियामानुसार दर्ता खारेजी नभएसम्म सो व्यवसाय चालु रहेको मानिनेछ । र खारेजी हुनु अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी नियमानुसार कर असुल उपर गरिनेछ ।

४) उपदफा १ बमोजिम व्यवसाय दर्ता खारेजी वा बन्द गरिएमा सम्बन्धित व्यवसायिको नाममा गाउँपालिका क्षेत्रभित्र ३ वर्ष सम्म कुनै पनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता व्यवसायीको विवरण संचार माध्यमबाट सार्वजनिक गरिने छ ।

## १४. कारवाही र जरिवाना सम्बन्धी व्यवस्थाः

१) बजार अनुगमनको काममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछः-

जरिवानाः

क) मूल्य सूचि नराखेमारु १०००

ख) प्रमाणपत्र नराखेमा रु२०००

ग) तोकिए बमोजिमको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा रू ३०००

घ) म्याद नागेका सामाग्रीहरु बेचबिखन गरेमा रु १०,०००

ङ) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचबिखन गरेमा रु ५०००

च) प्रदुषित फोहोर सामाग्रीहरु बेचबिखन गरेमा रु ५०००

२) उपदफा (१) बमोजिम जरिवाना गरे पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सोही सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

३) प्रचलित कानून अनुसारको कार्यविधि बमोजिम दर्ता नगरि कुनैपनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा त्यस्ता व्यवसायलाई ३० दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ।

४) उपदफा (३) ले जनाउ दिएको मितिले ३५ दिन भित्र कार्यालयमा व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्ति\व्यवसायीलाई गाउँपालिकाबाट प्रवाह हुने सवै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछन्। साथै संघिय सरकार,प्रदेश सरकार, सरकारी निकाय सार्वजनिक संस्थानको समन्वयमा त्यस्ता निकायबाट उपलब्ध भएका वा हुने सेवा सुविधाहरु बन्द गर्न सिफारिस गरिनेछ ।

५) उपदफा (४) बमोजिमा सेवा सुविधा बन्द राखेको ६ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरि व्यवसाय सञ्चालन गरेमा कार्यपालिकाले कर तिर्न अटेर गर्ने व्यवसाय बन्द गरि लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित नेपाल कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

## परिच्छेद-४
## विविध

**१५. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

१) यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

२) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपलिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१६. विशेष व्यवस्था** अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानून नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन बनाई खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन्

यसै बमोजिम भएका वा कार्यविधि लागु हुनुभन्दा पहिला गाउँपालिकामा दर्ता भएका व्यवसायहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची १

दफा(७)सँग सम्बन्धित

**पञ्चकन्या गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लाकुरीभञ्ज्याङ्ग, नुवाकोट**

**बागमती प्रदेश,नेपाल**

व्यवसाय दर्ता नः                                                                                    दर्ता मितिः

# <u>व्यवसाय दर्ता प्रमाण-पत्र</u>

**श्री..................................**

**......................................**

**प्रस्तुत विषयमा तपाईलाई “ पञ्चकन्या गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि २०७५” को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।**

**प्रमाण—पत्र नं:                आर्थिक वर्ष :                दर्ता मिति:**

**व्यवसायको नाम :**

**व्यवसाय रहने स्थान :**

**व्यवसायको किसिम :**

**व्यवसाय रहने घर धनिको नाम :**

**व्यवसायीको ठेगाना :**

**ना.प्र.प.नं :                जारी मिति :                जिल्ला :**

**परिचय पाटी ( साईन वोर्ड ) को साईज :**

**........................ ......................... ..........................**

**व्यवसायी तयार गर्ने प्रमाणित गर्ने**

**शर्तहरु :**

१. प्रत्येकआ.व को आषाढ मसान्तभित्र कर वुझाईसक्नु पर्ने छ । सो म्यादभित्र नवुझाएमा गाउँपालिकाले ताकेको जरिवाना लाग्नेछ। पञ्चकन्या गाउँपालिकावाट व्यवसाय कर टोली खटाउँदा सोही समयमानै नवीकरण गर्नुपर्नेछ ।

२. नेपाल सरकार वा प्रदेश सरकारको सम्वन्धित निकायवाट अनुमति लिनुपर्ने व्यवसायमा त्यस्तो अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

३. व्यवसाय गरि आएको स्थान वदल्नु परेमा गाउँपालिकाको पुर्व स्वीकृती लिनुपर्ने छ ।

४. आफुले सञ्चालन गरेको व्यवसाय वन्द गर्नु परेमा वा छोड्नु परेमा यस गाउँपालिकालाई ३५ दिन अगावै लिखित जानाकारी दिनुपर्नेछ । अन्यथा व्यवसाय चालु गरेको मानिनेछ ।

५.यो प्रमाण पत्र ब्यबसाय गरेको स्थानमा देखिने गरी राखु पर्दछ र गाउपालिकाको कर्मचारीहरुले हेर्नचाहेको बखतमा तुरुन्त देखाउनु पर्ने छ ।

६ . आफुले संचालन गरेको ब्यबसायमा बाल श्रमिकको प्रयोग गर्न पाइने छैन र गरेको देखिएमा कानुन बमोजिम कार्बाही हुनेछ।

७. ब्यबसायबाट निस्केको फोहरमैला ब्यबसायी आफैले ब्यबस्थित गर्नुपर्ने छ ।

८. गाउपालिकाले जारीगरेको सुचना ,नीतिनिर्देशनहरु ब्यबसायीले पालना गर्नु पर्ने छ ।

९. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

## व्यवसाय नविकरण विवरण

| मिति | नवीकरण गरेको अवधि | | रसिद नं./दस्तुर | जिरवाना, हर्जना वा अन्या शुल्क | प्रमाणित गर्नेको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-२

## दफा(९) सँग सम्बन्धित

## व्यवसायीक कर

| क्र.श. | व्यवसायको प्रकार | वितरण | रकमःरु (वार्षिक) |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरण | ३००० |
| | | थोक | २००० |
| | | खुद्रा | ५०० |
| २ | चुरोटबिडी सुर्ती जन्य | वितरण | २००० |
| | | थोक | १५०० |
| | | खुद्रा | २०० |
| ३ | हल्कापेय पदार्थ | वितरण | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ४ | सुन चाँदी जलप लगायतका गरगहना वेचबिखन | खुद्रा पसल र मर्मत | १००० |
| | | थोक | ३००० |
| ५ | औंषधी पसल | थोक | ३००० |
| | | खुद्रा डाक्टर भएको | २००० |
| | | खुद्रा डाक्टर नभएको | १००० |
| ६ | माछामासुबिक्री पसल | | १००० |
| ७ | आयुर्वेदिक औंषधी पसल | | ५०० |
| ८ | एग्रोभेटपसल | थोक | २००० |
| | | खुद्रा | २०० |

| | | | |
|---|---|---|---|
| ९ | स्टेशनरी तथा पुस्तकपसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| १० | छपाई तथा प्रकाशन | अफसेप्रेस | २००० |
| | | साधारण प्रेस | ५०० |
| ११ | कस्मेटिकपसल | | ५०० |
| १२ | मोटर पार्टस | थोक | २००० |
| | | खुद्रा | ५०० |
| १३ | प्लाइ तथा ग्यास | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्यागपसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १५ | धागोटाक पसल | थोक | १००० |
| | | खुद्रा | १०० |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,क्याल्कुलेटर अडियो, भिडियो आदी) | वितरण | ३००० |
| | | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १७ | हार्डवेयर/मेसिनरी/मार्बल पस | थोक | २००० |
| | | खुद्रा | १००० |
| १९ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० |
| | | पेट्रोल बिक्री केन्द्र | ३००० |
| | | ग्यास सिलिन्डर सब डिलर | ३००० |
| | | मट्टितेल मात्र बिक्री | २०० |

| | | | |
|---|---|---|---|
| २० | सुन चाँदी जलप लगायतका गरगहना वेचबिखन | खुद्रा पसल र मर्मत | १००० |
| | | थोक | ३००० |
| २१ | स्टिल आलमुनियम पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २२ | फर्निचर | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २३ | ढुङ्गा तथा गिट्टी,बालुवा बिक्री वितरण गर्ने | | १००० |
| २४ | कपडा सिलाई कटाइ | टेलरिङ आधुनिक | २०० |
| | | हाते मेसीन | १०० |
| २५ | स्नुकर तथा पुल हाउस | | १००० |
| २६ | क्यारेमबोर्ड | | २०० |
| २७ | पशुआहार विक्री केन्द्र | | २०० |
| २८ | किराना पसल | थोक | १००० |
| | | खुद्रा | २०० |
| २९ | उपहार/गिफ्ट/खेलौना पसल | थोक | ५०० |
| | | खुद्रा | २०० |
| ३० | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १००० |
| | | खुद्रा | १००० |
| ३१ | माटाकोभाँडा पसल | थोक, खुद्रा | १०० |
| ३२ | विशेषज्ञपरामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २००० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २००० |
| | | कानून व्यावसायी ल | २००० |

| | | | |
|---|---|---|---|
| | | फर्म | |
| | | लेखापरीक्षण व्यावसायी | २००० |
| | | दन्तचिकित्सक | २००० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २००० |
| | | पशु चिकित्सक डाक्टर | २००० |
| | | रोजगार सेवा | ३००० |
| ३३ | ढुवानी तथा ट्रान्सपार्ट | | १००० |
| ३४ | पेन्टर/साइनबोर्ड लेख्ने | | १०० |
| ३५ | खोटो व्यवसायी | | १००० |
| ३६ | जग्गा ब्यवसायी | | २००० |
| ३७ | निर्माण व्यवसायी | | २००० |
| ३८ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५००० |
| **उत्पादनमूलक उद्योग** | | | |
| ३९ | ग्रील उद्योग | | १००० |
| ४० | जुत्ता उद्योग | | ५०० |
| ४१ | घरेलुकुटिर उद्योग (अगरबत्ती,मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १०० |
| ४२ | कपडा तथा गार्मेन्ट उद्योग | | १००० |
| ४३ | सिरकडसना उद्योग पसल | | ५०० |
| ४४ | कुटानीपेलानी/मिल | | ५०० |
| ४५ | मसलामिल | | ५०० |
| **नोट** | यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानीमिल पनि छ भने कुटानी पेलानी मिलकै | | |

| | | | |
|---|---|---|---|
| | व्यवसाय कर लाग्ने छ। | | |
| ४६ | डेरी उद्योग व्यवसाय | | ५०० |
| ४७ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिजनुडल्स | १००० |
| | | दालमोट पाउरोटी चाउमीन | २०० |
| | | पापड चिप्स फिगर | २०० |
| ४८ | वन्यजन्य उद्योग | समिल प्लाइउड उद्योग | १००० |
| | | काठ बिक्री डिपो | ५०० |
| ४९ | क्रसर/कन्क्रीट/इटाभट्टा उद्योग | | ५००० |
| ५० | ढाकाटोपी पस्मिना उद्योग | | १०० |
| ५१ | सुर्ति जन्य उद्योग | | ५०० |
| ५२ | हाटल लज रेष्टुरेन्ट | होटल र लज | १००० |
| | | भोजनालय | ५०० |
| | | मिठाई पसल | ५०० |
| | | पार्टी प्यालेस | २५०० |
| | | रेष्टुन्ट बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | साना, खाजा-नास्ता पसल(मदिरा सहित) | १००० |
| ५३ | टेन्टहाउस | | २००० |
| | | | |

| | | | |
|---|---|---|---|
| **सेवा उद्योग** | | | |
| **५४** | **सञ्चार** | एफ.एम. प्रसारण | २००० |
| | | केवुल च्यानल प्रसारण | २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | | फोटोकपी, पी.सी.0 | ५०० |
| | | साइबर तथा क्याफे | १००० |
| | | कुरियर सेवा | १००० |
| **५५** | **वित्तिय** | वाणिज्य बैंक प्रति शाखा/केन्दिरय कार्यालय | ५००० |
| | | विकास बैंक प्रति शाखा/ केन्द्रीय कार्यालय | ४००० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ३००० |
| | | वीत्तीय /ऋण सहकारी संस्था | १५०० |
| | | मनी ट्रान्सफर | ५०० |
| | | बिमा कम्पनी | २००० |
| | | लघु वित्त | १००० |
| **५६** | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० |
| | | क्लिनिक तथा ल्याब | १००० |
| | | चस्मा पसल | ५०० |

| | | | |
|---|---|---|---|
| ५७ | **शिक्षा सेवा निजी** | क्याम्पस | २००० |
| | | माबि/उच्चमावि | १५०० |
| | | मा.बी. | १००० |
| | | आधारभूत | १००० |
| | | प्राथामिक | १००० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | पूर्व प्राथमिक | ८०० |
| | | ट्युशन सेन्टर | १५०० |
| | | कम्प्युटर /नृत्यकला सिकाइ सेन्टर | १००० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १००० |
| ५८ | **मर्मत सम्भार** | टायर-ट्युवमर्मत,रिसोलिङ्ग,हावा भर्ने | २०० |
| | | इन्जिन मर्मत | १५०० |
| | | डेन्टङ्ग पेन्टङ्ग | १५०० |
| | | टि.भी.,फ्रीज, मोटर,पङखा, घडीजेनेरेटर, कम्प्युटर,मोबाइल(इलेक्ट्रोनिक) | १००० |
| | | मोटरसाइकल मर्मत | ५०० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | २००० |

| | | | |
|---|---|---|---|
| | | मर्मत | |
| | | अन्य विविध मर्मत | ५०० |
| ५९ | **ड्राइक्लनिक,व्यूटी पार्लर तथा सैलुन** | | १००० |
| ६० | फुलविरुवा पसल | | ५०० |
| ६१ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १००० |
| | | अन्तराष्ट्रिय | ५००० |
| ६२ | सवारी साधन कर | बस ट्रक ट्रयाक्टर रहेभी गाडी | २००० |
| | | भाडामा कार जिप | १००० |
| | | निजी कार, जीप, मयुरी | ५०० |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २०० |
| | | ठेलागाडा तथा रिक्सामा | ५०० |
| ६३ | पटके सवारी कर | | ५० |
| ६५ | मनोरञ्जन कर | सिनेमाहल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २००० |
| | | जादु सर्कस चटक आदिमा | **प्रतिदिन ३००** |
| ६६ | जडीबुटीजिवजन्तुकर | पछि निर्णय गरिने | |
| ६७ | बहाल बिटीरी कर | टहरोछाप्रोको मासिक | ५० |
| | | घुम्ती मासिक | ५० |
| | | ठेला मासिक | ५० |

**अनुसूची-३**

**दफा ६ सँग सम्बन्धित**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,
पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्याङ्ग, नुवाकोट।

**विषयः व्यवसाय दर्ता/नविकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ।**

महोदय,

मैले, हामीले निम्न स्थानमा ............................................... ............................... व्यवसाय दर्ता\नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त दिन आएको छु।छौ । नियमानुसार लाग्ने कर,दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिईने आदेश\निर्देशन समेत पालना गर्न मञ्जुर छु\छौ । साथै मैल\हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारर्वाही भएमा मञ्जुर छु\छौ।

१) व्यवसायीको नामः..................................................................
२) (फर्म\कम्पनीको हकमा मुख्य व्याक्तीको नाम)
३) व्यवसायको प्रकृति क) एकल ख) संयक्त
४) स्थायी ठेगानाः..................................... जिल्ला...................... गा.पा...................................................वडा नं................. मार्ग..................नं.......................
५) बाबुको नामः.................................................................
६) व्यवसाय रहने स्थानको ठेगानाः...........................................।
७) सम्पर्क नं.........................................................................
८) भाडामा रहेको भए व्यवसाय रहने घर जग्गा धनीको नाम थरः.........................................................................
९) ठेगाना...........................................................................
१०) व्यवसायको विवरणः.........................................................
११) पूजीँगत लगानी रकम रूः.......................................................
१२) फर्म तथा कम्पनीको नामः.....................................................
१३) परिचय पाटीको साइज लम्बाईः................................................
१४) अन्यत्र दर्ता भएको भए दर्ता नं..................................................
कार्यालयः.........................................................................

संलग्न कागजातहरुः

१) हालसालै खिचेको दुई प्रति फोटो।
२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३) वडा कार्यालयको सिफारिस ।
४) व्यवसाय सञ्चालन हुने जग्गाधनीको प्रमाणपुर्जाको प्रतिलिपी।
५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।
६) व्यवसाय रहने स्थानको कित्ताको चारकिल्ला प्रमाणित ।
७) उद्योगको हकामा सधियारको मञ्जुरीनामा।
८) उद्योग वाणिज्य संघको सिफारिस पत्र।

**निवेदकको**

**दस्तखतः**

**नामः**

**ठेगानाः**

**मितिः**

**अनुसूची-४**

**कार्यविधिको दफा ५(२) सँग सम्बन्धित**

**पञ्चकन्या गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

# व्यवसाय कर दर्ता किताब

करदाता प्रमाणपत्र नं.

जारी भएको मितिः

व्यवसायको विवरणः

१) व्यवसायको प्रकृतिः

२) व्यवसायको किसिमः

३) रहने स्थान ठेगानाः

वडा नं.

बाटोको नामः

४) अन्यः...............।

५) बाजेको नामः

६) सम्पर्क नं.

७) अन्यः

परिचयपाटी विवरणः

१) फर्मको नामः

२) साइजः

३) किसिमः

व्यवसायीको विवरण

१) नाम थरः

२) नागरिकताः

३) जारी भएको जिल्ला

| असुली | आ.व. | मिति | निवेदन | चालु आ.व. को व्यवसाय कर रु: | परिचय पाटी | बक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**आज्ञाले**

**नरेश पुडासैनी**

**प्रमुख प्रशासकीय अधिकृत**